स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता सौगात मल्लको मुख्य भूमिका रहेको फिल्म "जुबा"को छायांकन सकिएको छ। गत वैशाख १६ गतेबाट सर्लाहीमा सुरु भएको फिल्मको छायांकन तीन चरणमा गरी ९० दिनमा पूरा भएको हो। सर्लाहीसहित काभ्रेको दाप्चा, काठमाडौं र भक्तपुरसँगै भारतको राजस्थानमा छायांकन गरिएको निर्माण पक्षले जनाएको छ। अस्त्र फिल्म्सको ब्यानरमा निर्माण फिल्ममा सौगातसहित सोफी घरेललगायतको अभिनय रहेको छ।

**आजको विचार...**



कागलाई...

(दुई पेजमा)

प्राडा. कुलप्रसाद कोइराला



बौद्धिक अभिनेत्रीको रूपमा चिनिएकी सुरक्षा पन्तको करिअर यतिबेला सबैभन्दा सकसपूर्ण अवस्थामा छ। त्यसको मुख्य कारण फिल्मको असफल हो। गएको ६ वर्षमा उनका आधा दर्जनभन्दा बढी फिल्म डुबिसकेका छन्। त्यसमध्ये कति फिल्म हलमा लागेको र उत्रिएको समेत दर्शकले थाहा पाएनन् । अब उनको फ्लप सूचीमा "चमेलीको पोइ" पनि थपिएको छ। गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मलाई पहिलो दिन नै दर्शकको हाहाकार भएको थियो। फिल्म हेर्न दर्शक नै नआएपछि अधिकांश हलले शो हटाइसकेका छन्।

❒ वर्ष ३२ ❒ अंक ८३ ❒ २०८३ असोज २२ गते बिहीबार 8 October 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# बाँदर धपाउन हेरालु, बँदेल रोक्न काँडेतार

## *अहिले वडा कार्यालयले गाउँ-गाउँमा बाँदर हेरालु कर्मचारीदेखि कृषकको बारीमा काँडेतार जालीको व्यवस्था गरेपछि भने किसानलाई राहत मिलेको छ ।*

**रामचन्द्र रायमाझी/रासस**

**पाल्पा,** असोज २१ /दुई वर्षअघि यहाँको रिब्दीकोट गाउँपालिका-१ ख्याहाका किसान बिहान उज्यालो नहुँदै बारीमा पुग्ने, दिनभरि मकैका बोट नियाल्ने र बाँदरको बथान देखिनेबित्तिकै गुलेली र नक्कली बन्दुक लिएर धपाउने गर्थे । साँझ परेपछि पनि उनीहरू घर फर्किन पाउँदैनथे ।

रातभरि बँदेल बारीमा पसे कि भन्ने चिन्ताले सधैं पिरोल्ने गर्थ्यो । खेती गरेर पनि उत्पादन घर भित्र्याउन नसकेपछि कतिपय किसान खेतीबाटै निराश हुन थालेका थिए । तर अहिले वडा कार्यालयले गाउँ-गाउँमा बाँदर हेरालु कर्मचारीदेखि कृषकको बारीमा काँडेतार जालीको व्यवस्था गरेपछि भने किसानलाई राहत मिलेको छ । वडा कार्यालयले २०८० सालदेखि बारीमा हेरालुको व्यवस्था गर्नुका साथै जङ्गली जनावरबाट बाली जोगाउन जाली लगाएपछि किसानलाई खेती गर्न सहज भएको हो । विगतमा जेठदेखि



भदौसम्म मकै खेती जोगाउन स्थानीयले बिहानैदेखि रातिसम्म बारीमा बसेर बाँदर धपाउनुपर्ने अवस्था थियो । वडा कार्यालयबाट हेरालुको व्यवस्था भएपछि किसानले लामो समय बारीमा बसेर बाली कुर्नुपर्ने बाध्यता हटेको स्थानीय सूर्यबहादुर विकले बताए । "दुई वर्षअघिसम्म रातिमा बँदेल र दिउँसोमा बाँदर आएर बाली खाएर हैरान पार्थे ।

अहिले हेरालु र जाली लगाएपछि जङ्गली जनावर आएर बालीनाली नोक्सान गरेको छैन," उनले भने । दिनको समयमा हेरालुले बारीमा आउने बाँदर धपाउने गरेका छन् भने बारी वरिपरि काँडेतारको जाली लगाएर रातिको समयमा बँदेल, दुम्सी, मृग, घोरललगायतका वन्यजन्तुलाई बालीमा प्रवेश गर्न रोक्ने प्रयास गरिएको छ । वडा कार्यालयले प्रत्येक वर्ष बाँदर लखेट्न नौ जनाका दरले हेरालु कर्मचारी खटाएर कृषकको मकै खेती जोगाउने अभियान नै सञ्चालन गरेको हो ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### प्लेगको आशंकापछि साइबेरियामा चिन्ता

**एजेन्सी**

**काठमाडौं,** असोज २१/रुसको साइबेरियास्थित एक अनुसन्धान संस्थानमा कार्यरत महिलाको मृत्यु भएपछि प्लेगको सम्भावित सङ्क्रमणबारे चिन्ता बढेको छ । यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग यस विषयमा चाँडै टेलिफोन वार्ता गर्ने बताएका छन् । मंगलबार ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले पुटिनसँग यस विषयमा 'छिट्टै नै' कुराकानी हुने बताएका हुन् । उनले अमेरिकी गुप्तचर निकायहरूले यस घटनाबारे सङ्कलन गरेको जानकारी पनि अध्ययन भइरहेको बताए । ट्रम्पका अनुसार यस विषयमा थप जानकारी बुधवार सार्वजनिक हुन सक्नेछ । यसअघि सोमबार उनले आवश्यक परे अमेरिकाले रुसलाई सहयोग गर्न तयार रहेको बताएका थिए ।

**अनुसन्धान संस्थानकी कर्मचारीको मृत्यु**

यो घटना साइबेरियाको इर्कुत्स्क एन्टिप्लेग रिसर्च इन्स्टिच्युटसँग सम्बन्धित छ । उक्त संस्थानमा कार्यरत एक महिलाको गत साता मृत्यु भएको थियो । रुसी अधिकारीहरूले उनको मृत्युको कारण अज्ञात कारणले भएको निमोनिया रहेको बताएका छन् ।

# गुल्मीमा करेन्ट लागेर एक जनाको मृत्यु



**गुल्मी,** असोज २१/ स्थानीय धुर्कोट गाउँपालिका-५ का ऋषिराम भण्डारीको करेन्ट लागेर मृत्यु भएको छ । स्थानीय सिमलचौरस्थित आफ्नै खेत नजिकै लत्रिएको बिजुलीको तारबाट करेन्ट लागेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार भण्डारी मङ्गलबार दिउँसो स्थानीय सिमलचौर र चापटारीस्थित खेतमा पानी लगाउन भनी घरबाट निस्किएको र साँझसम्म घर नफर्किएपछि आफन्त र छरछिमेकीले उनको खोजी गरेका थिए । खोजीकै क्रममा बुधबार बिहान खेत नजिकै लत्रिएको बिजुलीको तारमा परी मृत्यु भएको अवस्थामा उनलाई फेला परिएको प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिएका छन् । घटनाबारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।*-रासस*

# सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**पाल्पा,** असोज २१ / देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पर्सा र मकवानपुरमा भएका छुट्टाछुट्टै दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा दुई पैदलयात्री र एक मोटरसाइकल चालक छन् । पर्साको वीरगंज महानगरपालिका-१६ भानुचोकस्थित सडकमा बुधबार बिहान ईभी गाडीको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । वीरगंजबाट पथलैयातर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०७२० नम्बरको ईभी गाडीले ठक्कर दिँदा सोही महानगरपालिका-१६ नगवा बस्ने ४५ वर्षीया मिरा कुमारी गुप्ता गम्भीर घाइते भएकी थिइन् । घाइते गुप्ताको वीरगंजस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनापछि प्रहरीले ईभी गाडी चालकलाई नियन्त्रणमा लिएको छ ।




यस्तै, मकवानपुरको बागमती गाउँपालिका-८ साततलेस्थित सडकमा मोटरसाइकलको ठक्करबाट चार वर्षीय बालकको मृत्यु भएको छ । फापरबारीबाट हात्तीसुँडेतर्फ जाँदै गरेको प्र.०३-०२-००३ प २६३१ नम्बरको मोटरसाइकलले स्थानीय सरोज घलानका छोरा ४ वर्षीय प्रिभेस घलानलाई ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका प्रिभेसको सहकारी अस्पताल हेटौंडामा उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## आँखाको सुरक्षामा ध्यान दिऊँ

शरीरको सबैभन्दा संवेदनशील अंग आँखा हो । संसारलाई हेर्ने, बुझ्ने र दैनिक जीवनका असंख्य गतिविधि सहज रूपमा सञ्चालन गर्ने आधार नै दृष्टि हो । तर आँखाको स्वास्थ्यप्रति पर्याप्त ध्यान नदिँदा मानिसले समयअगावै दृष्टिसम्बन्धी समस्या भोग्नुपर्ने अवस्था बढ्दै गएको छ । यही सन्दर्भमा हरेक वर्ष मनाइने विश्व दृष्टि दिवसले आँखाको स्वास्थ्य र दृष्टि सुरक्षाप्रति विश्वभर जनचेतना फैलाउने महत्वपूर्ण अवसर प्रदान गर्छ । आँखामा समस्या आएपछि मात्र उपचार खोज्ने प्रवृत्ति अझै हाम्रो समाजमा व्यापक छ । आँखाको नियमित परीक्षण, समयमै उपचार र चिकित्सकीय परामर्शलाई प्राथमिकता नदिँदा सामान्य समस्या पनि जटिल बन्न सक्छ ।

बालबालिकामा दृष्टिदोष पहिचान गर्न ढिलाइ हुँदा उनीहरूको पढाइ र समग्र विकासमा असर पर्न सक्छ भने वयस्कमा दृष्टिसम्बन्धी समस्या रोजगारी र दैनिक जीवनमै बाधक बन्न सक्छ । ज्येष्ठ नागरिकमा मोतीबिन्दु, ग्लुकोमा तथा अन्य आँखाका रोगका कारण दृष्टि गुम्ने जोखिमसमेत रहन्छ । आजको डिजिटल युगमा आँखाको स्वास्थ्यका चुनौती अझ थपिएका छन् । लामो समय मोबाइल, कम्प्युटर र अन्य डिजिटल उपकरणको स्क्रिनमा बिताउने बानीले आँखामा थकान, सुख्खापन र अन्य असहजता निम्त्याउन सक्छ । त्यसैले प्रविधिको प्रयोग आवश्यक भए पनि त्यसको सन्तुलित र सुरक्षित प्रयोगबारे जनचेतना फैलाउनु उत्तिकै आवश्यक छ । दृष्टि सुरक्षाका लागि व्यक्तिगत सावधानी मात्र पर्याप्त हुँदैन । राज्यले आधारभूत स्वास्थ्य सेवाभित्र आँखा उपचारलाई अझ प्रभावकारी रूपमा समेट्नुपर्छ । ग्रामीण तथा दुर्गम क्षेत्रमा नियमित आँखा परीक्षण र उपचारको पहुँच विस्तार गर्नुपर्छ । विद्यालय तहदेखि नै बालबालिकाको दृष्टि परीक्षण गर्ने व्यवस्था प्रभावकारी बनाउन आवश्यक छ । साथै, आँखाको रोगको समयमै पहिचान, उपचार र रोकथामका विषयमा व्यापक जनचेतना अभियान सञ्चालन गरिनुपर्छ । विश्व दृष्टि दिवस केवल एउटा दिवस मनाउने औपचारिक अवसर बन्नु हुँदैन । यो दिवसले हामीलाई दृष्टि जोगाउनु उपचार गर्नुभन्दा महत्वपूर्ण छ भन्ने सन्देश दिनुपर्छ । आफ्नो आँखाको नियमित परीक्षण गर्ने, बालबालिकाको दृष्टि परीक्षणमा ध्यान दिने, डिजिटल उपकरणको सुरक्षित प्रयोग गर्ने र आँखासम्बन्धी समस्या देखिएमा समयमै स्वास्थ्य संस्थामा पुग्ने संस्कार विकास गर्न आवश्यक छ । दृष्टि स्वस्थ भए जीवनका सम्भावना पनि फराकिला हुन्छन् । त्यसैले विश्व दृष्टि दिवसको अवसरमा हरेक नागरिकले आफ्नो र आफ्ना परिवारका सदस्यको आँखाको स्वास्थ्यप्रति जिम्मेवार बन्ने प्रतिबद्धता गरौं ।

### Opinion @ Social Network

परिस्थिती सधैं एउटै रहदैन जसरी आज दु:ख छ,
भोलि सुख पक्कै आउँनेछ आमा।
*(शिव परियारको फेसबुक स्टाटसबाट www.facebook.com/Shiva.Pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कागलाई बेल पाक्यो हर्ष न बिस्मात



प्राडा. कुलप्रसाद कोइराला

*मानव जातिले घिन मानेर फलेको सिनु खाएर सन्तोष गर्ने वन्यपक्षी हो गिद्ध । चिल र गिद्धमा कति अन्तर हुन्छ मलाई थाह छैन तर भुइँबाट ३५०० फिट माथि परेबा र चिलबाजी राखेर को माथि जानसक्ने भनेर उडेछन् रे । दुवै त्यति माथि पुगे तर अब यसभन्दा माथि जानसक्ने दुवै भएनछन् र चिलले परेवालाई आफ्नो दूरदृष्टि प्रदर्शन गर्दै ३५०० फिट तल खोलाका बगरमा एउटा गोरु मरेर फालेको रहेछ । परेवाले तिमीले त्यो मरेका गोरुका कानका दुलामा अड्केको तोरीको दानु देख्यौ ?*

**पालोतालो नाति मैमाथि**

अचेल नेपालमा नपाउनेले केरा पाएर बोक्रैसित खाएको दृश्य सबैभन्दा रमाइलो छ । चर्मकारका सरापले मरेका डिँगाको सिनु खाएर मात्तिएका गिद्धले आफ्नो वन र वनमा भएको गुँड पनि बिर्सन्छ रे । किन त भन्दा गिद्धले कहिल्यै पनि ताजा, बलियो मासु खान पाउँदैन । मानव जातिले घिन मानेर फलेको सिनु खाएर सन्तोष गर्ने वन्यपक्षी हो गिद्ध । चिल र गिद्धमा कति अन्तर हुन्छ मलाई थाह छैन तर भुइँबाट ३५०० फिट माथि परेबा र चिलबाजी राखेर को माथि जानसक्ने भनेर उडेछन् रे । दुवै त्यति माथि पुगे तर अब यसभन्दा माथि जानसक्ने दुवै भएनछन् र चिलले परेवालाई आफ्नो दूरदृष्टि प्रदर्शन गर्दै ३५०० फिट तल खोलाका बगरमा एउटा गोरु मरेर फालेको रहेछ । परेवाले तिमीले त्यो मरेका गोरुका कानका दुलामा अड्केको तोरीको दानु देख्यौ ? भनेपछि बिचरो चिल चुप्प भएर एउटा रूखका हाँगामा बसेर परेवा भाइ मैले हारेँ तिमीसँग दूरदृष्टिमा पनि उडाइका बेगमा पनि मैले हारेँ भनेथ्यो रे । नेपालमा राजाले प्रजा हराउने, प्रजाले राजा मान्ने र नमान्ने मत बनाएर देशलाई हराउने खेल खेल्न लागेको धेरै भयो । राजाले आफ्नो सीमा नाघेपछि जनताले पनि आफ्नो तागत देखाउन थाले । अहिले भने जनता अलिनो पनि नखाने नुनको ढिको पनि फुटाउन नदिने सोचमा पुगेका छन् । घरमा एउटा छुल्याहा पसेपछि जसरी घर भाँडिन्छ त्यसैगरी कुनै दिन राजाले कांग्रेस मास्न कम्युनिष्ट बोके । कम्युनिष्टले राजा मास्न खोज्दा कांग्रेसले पनि विगतमा आफूलाई दिएको सास्ती सम्झेर राजा धपाए । अहिले कम्युनिस्ट र कांग्रेस लुते स्यालजस्तो बनेर सत्ताको स्वाद सम्झेर तरतरी र्‍याल काडेर किनारका बसेका छन् । राजा चाहिँ पहिलाको आफ्नो सम्पत्ति जोगिएको हुनाले कहिले विदेशी उकास्ने त कहिले पुराना नोकरचाकर आउटेबाउटेका हुल बोलाएर पेटका किरा मार्दै छन् भूपू बनेर । अहिले सत्तामा भएका छिचिमिरा त्यही दल फालेर राजालाई राजगद्दी खाली गराउने गिदीबोसे डेढ अक्कली कार्यक्रम फेल भएर कमिला र धमिराका प्वाँख पलाएर बनेका छिचिमिराका शासनमा हामी भएका हुनाले शेरले स्यालहुईंयाँ लाएको र गाई लखेटिएर गधाले खुवामलिदा खाएको देख्न पाइएको हो । विचरी सुशीलाले हुर्काएका उनका छोरानाति अहिले उनैमाथि शासन गर्न लागे । पालोतालो नाति मैमाथि गर्ने मति रास्वपाका हर्ताकर्ता सबैमा पलाएको हुनाले धेरैले धन्यवादै दिएका छन् । चोलेन्द्र र ओली भण्डारखाल पर्वका भैयादका अवस्थामा पुगेका छन् र बालेन्द्रले आफूलाई जंगबहादुर ठानेका होलान् भण्डारखाल विजयीका रूपमा ।

**विनाशकाले विपरीत बुद्धि:**

जम्बुमन्त्रीलाई काल आएपछि शहर पस्छ भन्ने लोकविश्वास छ । कुकुरले आफू मर्छु भन्ने ठान्यो भने घर छाडेर बाहिर जान्छ भनिन्छ । मान्छे जाने बेला आएपछि बत्तीको गन्ध चाल पाउँदैन र अरुन्धती नामक तारो पनि देख्दैन भन्ने शास्त्र प्रमाणै भेटिन्छ । 'नपश्यन्ति न जिघ्रन्ति गतायुष:' यी सबै कुरा किन गरेको भने लोभ र इर्ष्याले पनि मान्छेलाई अपमान र लोकनिन्दाका आवर्तमा लगेर फन्फन्ती घुमाउँदोरहेछ । पटकपटक देशको प्रधानमन्त्री भएका, समानता, स्वतन्त्रता र विश्वबन्धुता नै मूलमन्त्र ठानेर राजनीतिका मैदानमा ओर्लेका मान्छेले म को हुँ ? मसँग कति शक्ति छ ? र मेरो कर्तव्य के हो ? भन्ने मूल्याङ्कन गर्न नसकेको देख्दा नियतिको बलबत्तालाई स्वीकार्नै पर्दोरहेछ । हुन त सर्वमान्यले पनि यस पार्टीलाई अन्तिम अवस्थामा छाडेका थिए । सन्त नेताले पार्टी नछाडे पनि पार्टीले उनलाई छाडेर गणतन्त्रमा गएको थियो । दलको होस्, देशको होस् सत्ताको तातो लागेर मान्छेले अरूको जाडो बुझ्दोरहेनछ । त्रिभुवनले दूधभात पनि खान पाएनन् ? भनेर सोधे रे भन्ने सुन्दा मलाई राजा भएर पनि कस्ता ग्वाँच रहेछन् जस्तो लागेको थियो । आज आएर विचार गर्दा त्रिभुवनले सबैभन्दा तल्लो तहको खानेकुरो दूधभात ठानेका रहेछन् र ठीकै कुरा गरेछन् भन्ने पनि यिनै केही कांग्रेसीका जीवनमा आएको जमिन आसमानका परिवर्तनले ज्ञान दिएको हो । आजको हाम्रो देशका १ का नागरिक हिजो जेलमा बस्दा विष्णुमतिमा गएर वराहको टाउको किनेर पत्रिकाले बेरेर ल्याएर भने पनि समाचार पढ्न र मासु खान देओ भन्ने साथीकै हुलमा बसेका थिए । अत: राजनीति गर्नेले मूल्य, निष्ठा र इमानलाई जीवनदर्शन बनाउनुपर्छ जता मल्खु उतै ढल्कु गर्नेले राजनीतिका क्षेत्रमा चियाउनु पनि हुँदैन भन्थे पुर्खा तर अहिलेका रहरले राजनीति गर्नेले आफूलाई र आफ्ना विश्वस्तलाई नै भड्खालामा हालेर गोठाले बुद्धि प्रदर्शन गरेको पनि देखियो । अर्काको दौराको फेर समातेर जँघार तर्नेका पछि लाग्ने पनि बुद्धि नभएकै हुन् तर पनि भनसुन र मनसुनले बाँच्न बानी परेका जनतालाई के भन्ने र ? अहिले कांग्रेसमा दुई खेमा देखिएको छ । ठालु कांग्रेस मंसिरमा महाधिवेशन गराउन सिंगापुरमा बसेका आफन्तलाई नेपालको कुनै ठाउँबाट अत्यधिक मतले जिताएर महाधिवेशन प्रतिनिधि बनाएको समाचारको तातो तापेर कोदे समूह भनिएर मक्ख्ख परेरै बसेको छ । मुण्डेमुण्डे मतिर्भिन्ना कुण्डेकुण्डे नवं पय: । यो पनि आश्चर्यको कुरो होइन, राजनीतिमा विरोध र समर्थन पनि बेलाकुबेला हुने गर्दछ तर अहिलेको कोदे समूहमा तेलपानी बनेर वर्षौं बसेका पनि दुवै दूधपानी बनेर मिसिएको देख्दा भने अचम्म लागेको छ मान्छेलाई । शायद यसैलाई भनेको होला *नीतिशास्त्रले: 'घमूर्खस्य नास्त्यौषधम्' ।*

***क्रियासिद्धिसत्वे भवतिमहतां नोपकरणे***

महान्को कार्यसिद्धि बोली, संकल्प र उसको उपस्थितिबाटै हुन्छ । कुनै साधन या उपकरणका आधारमा हुने होइन । जयप्रकाश नारायणले चम्बलघाँटीका डाकालाई नि:शस्त्र ढुंगामाथि बसेर कुरा गरेर भारत सरकारलाई लगभग असफल बनाएका दस्युसमूहलाई समझदारीमा ल्याएर सरकारलाई पनि सहमतिमा ल्याएर देशका सामु आएको समस्या समाधान गरेका थिए । यिनै शेरबहादुरले पार्टी फुटाएर एक्लिएका बेला गिरिजाप्रसाद कोइरालाले उदारतापूर्वक आफूभन्दा दोस्रो बरियताका स्थानमा राखेर नेपाली कांग्रेसलाई एकताबद्ध गराएका थिए । माओवादीले गोलमेचको माग राखेर देशलाई नै रक्तकुण्डमा परिणत गराएका बेलामा पाँच वर्षपहिले मरेको संसदलाई ब्युँझाएर गोलमेच भनेको यही नै हो किनभने जनताका प्रतिनिधि यहाँ हुन्छन् । अत: माओवादीले भनेको गोलमेचमा पनि त जनताकै प्रतिनिधि बस्ने न हुन् भनेर सारा विश्वलाई सहमतिमा ल्याएर पनि हरेक ठाउँमा हालीमुहाली चलाउने गरीमात्र जान पल्केको संयुक्त राष्ट्रसंघलाई पनि प्रत्यक्षदर्शी (आई विटनेस)का रूपमा निश्चित समयपछि फर्कने गरी मात्र बस्ने अनुमति दिएका थिए । उनका यति उदार अनि प्रायोगिक राजनीतिलाई देखेर पनि जडसूत्रबद्ध आचरण उनैका उत्तराधिकारीमा कसरी विकास भयो भन्न सकिँदैन । नेपाली कांग्रेसका विधानको १७.२ भनेको बाध्यात्मक विशेष अधिवेशनलाई पनि नजरअन्दाज गर्ने साहस कसरी आयो ? प्रत्येक मान्छे पढेको नपढेको जे जस्तो भए पनि म राम्रो काम गरौं मेरा कुरा सबैले नसुने पनि धेरैले सुनून् भन्ने लाग्छ । म मात्र केही हुँ अरू केही होइनन् र केही हुन पनि दिन्न भन्ने संकल्प गर्दा ज्ञानेन्द्र, महेन्द्र, हिटलर, तोजो र मुसोलिनी असफल भएर गएको इतिहासलाई किन ? कसरी बिर्से होलान् ? कारण खोज्दा एकोहोरो स्वभाव, धनपदको दुर्निवार लोभ र केही कर्ण फुस्फुसेका कुरा काट्न नसक्ने कमजोरी रहेको देखियो । पाँचपाँच पटक प्रधानमन्त्री भइसकेकै थिए । नेपाली कांग्रेसजस्तो गरिमामय इतिहास भएको पार्टीको दुईदुई पटक सभापति भइसकेका थिए । अब नपुग्दो पुग्न बाँकी के थियो र ? उदारतापूर्वक बेलामा उत्तराधिकारीलाई विधिपूर्वक स्थापित नगराउँदा आज उनी सेटिङको त्यान्द्रामा झुण्डिएका छन् भन्ने भ्रमप्रचार सत्य हो कि जस्तो लाग्ने अवस्था आएको छ । अहिलेको यो उनको निर्णय र कदम आत्मघाती नबनोस् शुभकामना दिनबाहेक अहिले केही गर्न सकिने अवस्था रहेन । यति उदार प्रजातन्त्रका लागि लामो संघर्षमय जीवन बिताएर आएका नेता ? स्त्रीया चरित्रं पुरुषस्य भाग्यं दैवो नजानाति कुतो मनुष्य ।

**आगमिष्य सुन्दर बनोस्**

समग्र पुरुषार्थको मुहान हो राजनीति । यो संसार जति चौडा छ त्यति नै विविध छन् पेशा व्यवसाय पनि तर ती सबैका सम्भावनाका द्वार खोल्ने साँचो हो शिक्षा । उच्चशिक्षित र उच्च संकल्पशक्ति भएका मान्छे राजनीतिमा गएका बेलासम्म राजनीति सफल आदर्शचरित्र, उदारदिल र सेवाभावमा रहेको थियो । लोककल्याणकारी सिद्धान्ताश्रित थियो । मानवजीवनको सुखमय बँचाइका लागि आवश्यक पर्ने सिद्धान्त र कार्यविधिको खोज, स्थापना, व्याख्या र क्रियान्वयन पनि समयसुहाउँदा किसिमले भएका पनि उदाहरण भेटिन्छन् तर जब राजनीतिमा अवसरवादी, पेटुपत्नी, पुत्रकलत्रका तरको बाहुल्य भयो अनि जनता दु:खी शोषित र देश परमुखापेक्षी बन्दै गए । नेपाल पनि त्यस्तै भएको देखिन्छ । बीपीको प्रजातान्त्रिक समाजवादतिर अहिले विवादित बनाइए पनि प्रजातान्त्रिक सिद्धान्तका उदारताका अभिलक्षण आज खुलामञ्चमा क्रियान्वयन गर्ने काम ७००० भन्दा बढी नेपाली कांग्रेसका प्रतिनिधिले गर्दैछन् । यो बीपी बोलेको, बीपीले गरेको चिन्तनको चौडा मार्ग अवलम्बन गर्न सफल होओस् । युवाको जोस, अनुभवीको ज्ञान र विद्वान्को दूरदृष्टिका साथै हिमाल पहाड तराईका समग्र तह र तप्कामा पर्ने नेपालीको साझा चौतारी बनोस् । नेपाली कांग्रेसका अग्रजले कहिलेकाहिँ परिस्थितिबस बाटो बिराउँदा पनि अग्रजले अनुजलाई र अनुजले पनि अग्रजलाई उचित स्थान बोलाएर पनि दिने सभ्यमानव परम्पराको पालन गर्ने उद्घोष भएको छ पालन पनि भएको देख्न पाइयोस् । जुन जोगी आए पनि कानै चिरेका र कागलाई बेल पाक्यो हर्ष न बिस्मात भन्ने नेपाली उखान नेपाली प्रजातन्त्रवादीले बारम्बार सम्झनु नपरोस् । गगन, विश्व र भीष्मजीलाई मेरो सुमतिको कामना । नाम उच काम बुच भए पनि अगाडि भूमिका निर्वाह गर्नेलाई पनि चोलेन्द्र र बालेन्द्रका भूमिकामा नपुऱ्याओस् नियतिले भन्ने कामना । ***-इहिमालय डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको कामले बाटो पाउनेछ। साथीबाट उत्साहजनक साथ पाइनेछ। | **तुला**: सामाजिक घेरा फराकिलो बनाउनेछ। आफ्ना कुरा स्पष्ट राख्नु आवश्यक छ। |
| **वृष** : कमाइलाई सही ठाउँमा राख्ने सोच बन्नेछ। बानी परिवर्तन गर्ने अवसर मिल्नेछ। | **वृश्चिक** : उपयोगी सीप काममा आउनेछ। जिम्मेवारी पूरा गर्ने दक्षता देखिनेछ। |
| **मिथुन** : निर्णय क्षमता तीखो बन्नेछ। उपयोगी लाग्ने सूचना हात पर्नेछ। | **धनु** : नयाँ योजना बन्नेछ। प्रेममा दूरी भए पनि संवादले नजिकपन कायम राख्नेछ। |
| **कर्कट** : सोचिरहेको निजी विषयमा स्पष्टता आउनेछ। शरीरलाई समय दिनुहोस्। | **मकर** :निर्णयमा तपाईंको रायलाई महत्व दिइनेछ। बचत बढाउने उपाय भेटिनेछ। |
| **सिंह** : सकारात्मक खबर आउन सक्छ। प्रेममा हाँसोले सम्बन्धलाई हलुका बनाउनेछ। | **कुम्भ**: नयाँ जानकारी उपयोगी बन्नेछ। खुलेर कुरा गर्दा गलत बुझाइ हट्नेछ। |
| **कन्या** : हिसाबमा छुटेको विवरण फेला पर्नेछ। कागजी काम सकिदा झन्झट घट्नेछ। | **मीन** : योजना बढाउने ऊर्जा प्राप्त हुनेछ। शान्त समयले भावनालाई सन्तुलित राख्नेछ। |




क्लासिक कथा — जगदीश घिमिरे

# मान्छेको छाउरो

निस्तब्ध रात कुनै स्वास्नीमान्छेको निर्जीव फदय हो, जसलाई चिरेर एउटा तितो स्वर, कुकुरको सानू छाउरोको प्रलाप, बाँसको लिङ्गो जस्तै ठडिन्छ आकाश छुने गरी- क्या˜ इँ... क्वाँ वाँ वाँ वाँ इँ इँ इँ इँ इँ ... क्वाँ वा' वाँ वाँ वाँ वाँ इँ इँ इँ इँ...! यो चीत्कार दोहरिन्छ, तेहरिन्छ, चौहरिन्छह प्रत्येक पटक अरु सघन, अऊ तिखो, अझ अग्लो भएर कराउँछ यो आवाज । किस्नेलाई यो मन पर्दैन । ढोका बाहिर चिसो सडकमा नाङ्गो आकाश मुन्तिर जरुवा पानी झैं यो आवाज भुलभुल उम्रेको छ, प्रत्येक पछिल्लो क्षणमा झाँगिँदो छ र किस्ने ढोकाभित्र रेस्ट्राँको चिसो छिँडीमा शीताङ्ग छ । विचित्र किसिमको जाडोले ऊ काम्दो छ । उसका पैताला भुइँ जति चिसा छन औंलाका टुप्पामा ठिही छ । अनि घुँडामा एक किसिमको दुखाइ छ । जति बढी चिसिँदै गयो, त्यो दुखाइ उति बढी हुँदै जान्छ । उसलाई पनि एक पटक त्यही कुकुरको छाउरो जस्तो गरी कराउन मन लाग्छ । तर सक्दैन किनभने ऊ मानिसको छाउरो हो र ऊ ढोकाभित्र छ । त्यसैले किस्नेलाई त्यस कुकुरको छाउरोको आवाज तितो लाग्छ । के ढोका खोलिदिऊँ, छाउरो भित्र पसोस्, अँगालेर सुतूँ, उसलाई पनि तातो, आफूलाई पनि तातो, ऊ सोच्छ । विचार बेसै हो, ऊ विचारप्रति विचार गर्छ । तर ऊ ढोका खोल्न उठ्दैन । दुइटा बेन्च जोडेर सुतेको छ । सासको तातोले अनुहार र छाती, काखीको तातोले दुवै हत्केला तातेका छन् । ती जम्मै सेलाउँछन् ढोका खोल्न उठ्यो भने । पैताला हिमाल हुन्छन् । अहँ, ऊसँग त्यति जाँगर छैन । छाउरो अझ तीव्रतासाथ उकेल्छ उसको छातीमा नअटाएको तितो । रेस्ट्राँ बाह्र बजे बन्द भयो होला । तिनटा ऊ जस्ता मसिना भुरा केटाहरू तिनटा लाठे कुकहरूसँगै गए । तिनीहरू कुकहरूकै डेरामा कुकहरूसँगै सुत्छन् । चौथो कुकसँग ऊ सुत्दथ्यो, जसले एक महिना अगाडि मात्रै एउटी र... सँग बिहा गरेको छ । अत: किस्नेको ठाउँ स्वत: त्यस र...ले लिएकी छ । यसरी हाल ऊ रेस्ट्राँमा सुत्ने गर्छ, एक्लै । काठमाडौँमा उसको जाडोको यो दोस्रो अनुभव हो । पोहोरको हिउँद उसले पल र जूलीसँग सुतेर बितायो । पल एउटा फ्रेन्च हिप्पी र जूली एउटी डच हिप्पिनी । उसको पहाडमा यस्तो बिधि जाडो हुँदैनथ्यो । पोहोर दशैं ताक ऊ यहाँ सडकमा सुतेर बिताउँथ्यो तैपनि यस्तो जाडो लागेको थिएन । कुकुरको छाउरो किन त्यसरी कराएको हँ ? भौलि बिहानसम्म पक्कै मर्छ क्यार । कि ढोका खोलिदिने हो ? (अब छाउरो धेरै चोटि क्वाइँ क्वाइँ नगरेर थोरै चोटि तर धेरै लामू समयसम्म र जोडसँग क्वाँ... इँ... क्वाँवा... इँ... गर्न लागेको थियो ।) घरबाट भाग्दा ऊ माग्ने हात र खाने मुख मात्रै बोकेर आफ्ना खुट्टामा सवार भएर भागेको थियो, मूलबाटै मूलबाटो । उसलाई थाहा थियो, सुनिरा'को थियो, पढेलेखेका ठिटाहरू नेपाललाई 'काठमाडौँ' पनि भन्छन्, खुब बयान गर्छन् । अत: उसले 'तिन सहर नेपाल' जाने मूलबाटो समायो । उसले धुलिखेललाई 'नेपाल' भनी ठान्यो, बनेपालाई 'नेपाल' भनि ठान्यो, ठिमीलाई 'नेपाल' भनी ठान्यो । नयाँसडक आइ पुगेपछि चाहिँ सक्कली 'नेपाल' आउनै छ भनि ठान्यो ।



धुलिखेल आइपुग्दा ऊ दुई दिनको भोको थियो र एउटा होटेलमा भाँडा माझ्न थाल्यो, अहिले पल्टिरहेको होटेल उसले काम गरेको अठारौं होटेल हो । बीचमा छ महिना जति ढाक्रे थियो । दुई महिना माग्ने पेसा अपनायो । वसन्तपुरको पेटीमा सुत्यो । हिप्पी वा टुरिस्ट देखेपछि सबै भुरा जस्तै ऊ पनि हात फैलाएर पछि लाग्यो- 'नो मामा नो पापा नथिङ टु इट हँग्री : प्लीज ।' यो त्यहाँ सुत्ने सबै भुरालाई कण्ठै थियो, कुन्नि कसले सिकाइदिएको, सायद कुनै हिप्पीले, जुन आफू पनि मागेर हिँड्थ्यो र बेलामौकामा तिनीहरू सँगै त्यहीँ सँगै सुत्दथ्यो । किस्ने अझ सेलाउँदै जान्छ । सुत्ने बेलामा उसले आफूलाई रनक्कै तताएको थियो । गाँजा चरेसको धुवाँले, बिहानदेखि सल्किरहेका हिटरको साटो काम लिइएका चार-पाँच ओटा दमचुलीको मकलले, मान्छेको भीडले पनि कोठा केही तातै थियो । सुत्ने बेलामा उसले जम्मै मकलका गोल निथारपिथार पारेर एउटैमा खन्याएर भुङ्गो चम्काएको थियो र हातखुट्टा सबै तताएको थियो । त्यही रन्कोमा ऊ दुई-तीन घण्टासम्म निदायो पनि तर अहिले ब्यूँझेको छ । ... सायद छैन । उसले यो निधो गर्न सकेको छैन, ऊ निदाएको छ वा ब्यूँझै छ । बिहान सात बजे मालिक ओर्लन्छ । त्यति बेलादेखि राति बाह्र-एक बजे मात्रै कामको जुवा काँधबाट ओर्लन्छ । दिउँसो ग्राहकको भिड अलि कम्ती हुन्छ र त्यस बेला मालिकको, साथी बेराहरूको, कुकहरूको आँखा छलेर उड्नसम्म पाइन्छ । अनि, कहिल्यै अघाउन्जेल सुत्न नपाएको निद्रा, थकाइ र आलस्यको बोझले गर्दा जति जाडो भए पनि, जति चिसो भए पनि ऊ राम्रै ब्युँझेको छैन । तर ऊ छाउरो रोएको तितो स्वर अवश्य सुनिरहेछ र बिथोलिइरहेछ । ढोका खोलेर त्यसलाई भित्र हुलूँ कि नहुलूँ ? दोधारमा छ । उसलाई थकाइ, निद्रा र आलस्यभन्दा चिसो र ब्यूँझाइले जितेछ क्यार, सिरानमुनिबाट उसले एउटा चरेस भएको चुरोट झिक्छ, जुन आज दिउँसो उसलाई बयाथी भन्ने अङ्ग्रेज हिप्पिनीले दिएकी थिई । सल्काएर सुइँसुइँ तान्न थाल्छ । पल यो हिउँदमा, नोभेम्बरमै फेरि आउँछु भनेर गएको हो, क्रिसमस भइसक्यो, तर आएन । पलसँग दोस्ती भएपछि ऊ पलसँगै सुत्न लाग्यो । पलसँगै खान । पलसँगै डुल्न । पलले उसलाई बालगिरीको होन्डामा बाह्रबिसे डुलाउन पनि लगेको थियो । पल नाङ्गै सुत्थ्यो । मागेर हिँड्ने ताका गाँजा खान, चरेस खान उसले पलसँगै सिकेको हो । पल भन्थ्यो- "म तँलाई माया गर्छु ।" किस्नेलाई पनि पलको माया लाग्छ । तर यो हिउँदमा, यो चिसोमा ऊ पलको अँगालोमा सुत्न पाएन । पल आएन, न जूली नै आई । जूली त नेपालमा थिई, साथीहरूसँग ट्रेकिङमा गएकी तर फर्किन । साथीहरू पीटर, क्रिस्टी, ओभ, मेडलिन सबै फर्कि सके । ऊबारे सोध्दा खेरि 'हु नोज ?' भन्छन्, जसको ठिक अर्थ किस्नेले बुझ्न सकेको छैन । जूलीले पनि उसलाई महिनौँ आफ्नू कोठामा सुताएकी छ, आफूसँगैह तर जूली नाङ्गै सुत्दिन । एक दिन मध्यरातमा कुन्नि कताबाट औभ आइ पुगेपछि जूलीले उसलाई निकालि दिएकी थिई । ऊ त्यही चुरोटसँग जोडेर चरेस भरेको अर्को चुरोट सल्काउँछ । चरेसको मातले उसको टाउको घुमाउन थाल्छ । उसलाई लाग्छ, ऊ आफ्नू ओछ्यानबाट केही उचालिँदै छ । बाहिर छाउरो कराउँदै छ । जूलीले भनेकी थिई- 'चरेसले सोझै स्वर्गमा पुर्ह्याउँछ, धरती रूपी नर्कमा बस्नु पर्दैन', यो उसले अरूसँग अर्थ लाइ मागेर जानेको । उसले जान्ने अङ्ग्रेजी त 'यस' र 'नो' अनि अलि अलि टाकनटुकन मात्रै हो । सोच्यो, ऊ स्वर्गतिर जाँदै छ, छाउरो रुँदै छ । उसले आफ्नी आमा सम्झ्यो, जूली पनि उसलाई कता कता आमा जस्तै लाग्थी । उसलाई मायाले टाँस्थी पनि । एक जोर दोचा किनिदिएकी थिई । ऊ पन्ध्र सालको अनिकालमा जन्मेको थियो रे, जन्मेकै वर्ष बाबु खसेको र पच्चिस सालमा आमा पोइल गएपछि झड्केलो बाबुको कुटाइ खाएको बेहोसीमा दशैँको मुखमा घर छोडेर भागेको थियो । चरेसको सुरमा ऊ झड्केलो बाबुको जुँघा सम्झिन्छ । पलमा उसले आफ्नू झड्केलो बाबु देख्न सकेन... अब साँच्चै ऊ केही सम्झन सक्दैन... साँच्चै स्वर्ग जाँदै छ क्यार... ऊ चरेसको धुवाँ निल्दै जान्छ... ऊ त्यो कुकुरको छाउरोको तितो आवाज सुन्न छाड्छ (यद्यपि त्यो छाउरो अफ बेसरी रुँदै हुन्छ)... ऊ आफ्नू शीताङ्गलाई बिर्सन्छ... भोलि बिहान सात बजेदेखि मेलोमा जोतिनु पर्ने बन्धनलाई बिर्सन्छ... सात बजे पाइने दुइटा पाउरोटी र एक कप चियाको ब्रेकफास्टलाई बिर्सन्छ... महिना मरेपछि नगद पाउने रु. दसलाई बिर्सन्छ...! तर भोलि मालिकले गाँजाको गन्ध पायो अर्थात् उसले गाँजा चरेस खान्छ भन्ने थाहा पायो भने त्यस रेस्ट्राँबाट पाकेको तलब छाडेर निस्कनु पर्छ भन्ने बिर्सँदैन, किनभने उसले यही अपराधको दण्ड स्वरूप हरेक रेस्ट्राँबाट निकालि मागेको हो । ठुटो राम्रोसँग निभाएर फ्याँकिदिन्छ, तर ऊ ठुटो फ्याँक्न झट्कारेको हात फर्काउन सक्ने स्थितिमा हुँदैन चरेसको मातले गर्दा । उसको जिभ्रोमा चरेसको तितो तितो स्वाद आइ रहेको हुन्छ । घाँटी सुकेको हुन्छ । भोलि दिउँसो देख्छ, हिजो राति रुने कुकुरको छाउरो आमाको लाम्टा चुस्दै थियो । यस दृश्यले उसलाई भरेका लागि चरेसदार चुरोटको जोहो गरिराख्न सम्झाइदियो, आमा होइन ।

*-साहित्यपोष्ट डटकम*

हास्यव्यङ्ग्य — कोमलप्रसाद पोखरेल

# केही उत्तरआधुनिक नमस्कारहरू

***उद्देश्य र विधेय नभएको अथवा कर्ता, कर्म, क्रिया नभएको पदलाई कसरी वाक्य भनिन्छ ? भन्नुहोला, तर बनिन्छ, मजाले बनिन्छ किनभने उद्देश्य र विधेय यसका गर्भमै छन् । कसैले नमस्कार भन्ने बित्तिकै नमस्कार थाप्ने व्यक्तिले स्वत: कुरा बुझ्छ । किन कर्ता, कर्म, क्रिया नलगाई नमस्कार गरिस् ? भनेर रिसाउँदनैन । नमस्कारको सामान्य शाब्दिक अर्थ अभिवादन हो र यसभन्दा बढी अरु पनि हो तर स्थान, समय, परिस्थिति अनुसार यसका विविध अर्थ हुन सक्छन् । यसका कायिक, वाचिक र मानसिक अर्थहरु सामयिक र पारिस्थितिक हुन्छन् । नमस्कारको एउटा ढिकुटी विद्यालय हो ।***

नमस्कार यो धेरै प्रचलित अनि हरबखत प्रयोग हुने शब्द हो । यसका पर्यायका रूपमा नमस्ते, दर्शन, जयनेपाल, अभिवादन, लाल सलाम आदि शब्दहरु प्रयोग, प्रचलनमा रहेका छन् । उपर्युक्त शब्दहरुका आआफ्नै विशेषता छन् । प्रस्तुत लेखमा नमस्कार शब्दको मात्र शैक्षिक ( शिक्षक-विद्यार्थी केन्द्रित ) र राजनीतिक अर्थहरु केलाउने जमर्को गरिएको छ । यसमा पनि दृष्टार्थ भन्दा अदृष्टार्थलाई र अभिधार्थ भन्दा व्यङ्ग्यार्थलाई कोट्याउन खोजिएको छ । यो लेखकको नितान्त आत्मपरक हेराइ हो । नमस्कारका अर्थहरुलाई यसप्रकार लिन सकिन्छ – १.शैक्षिक अर्थ– नमस्कार शब्द मात्र होइन वाक्य पनि हो । उद्देश्य र विधेय नभएको अथवा कर्ता, कर्म, क्रिया नभएको पदलाई कसरी वाक्य भनिन्छ ? भन्नुहोला, तर बनिन्छ, मजाले बनिन्छह किनभने उद्देश्य र विधेय यसका गर्भमै छन् । कसैले नमस्कार भन्ने बित्तिकै नमस्कार थाप्ने व्यक्तिले स्वत: कुरा बुझ्छ । किन कर्ता, कर्म, क्रिया नलगाई नमस्कार गरिस् ? भनेर रिसाउँदनैन । नमस्कारको सामान्य शाब्दिक अर्थ अभिवादन हो र यसभन्दा बढी अरु पनि होह तर स्थान, समय, परिस्थिति अनुसार यसका विविध अर्थ हुन सक्छन् । यसका कायिक, वाचिक र मानसिक अर्थहरु सामयिक र पारिस्थितिक हुन्छन् । नमस्कारको एउटा ढिकुटी विद्यालय हो । अर्थगत रूपमा प्रथमिक तह र निम्न माध्यमिक तहका विद्यार्थीहरुको नमस्कार अभिधात्मक हुन्छ भने माध्यमिक तहभन्दा माथि यसको अर्थ अभिधात्मक र व्यञ्जनात्मक दुबै हुन्छ, तर तुलनात्मक रूपमा व्यञ्जनात्मक अर्थ बोकेको नमस्कारको प्रयोग अत्यधिक मात्रामा भएको पाइन्छ । सबै विद्यार्थी चाहिँ होइन अधिकांश विद्यार्थीहरु र तिनका अभिभावकहरु परीक्षा सुरु हुनुभन्दा केही दिन अघिदेखि दिनमा जतिपल्ट भेट्यो त्यतिपल्ट लामो लेघ्रो तानेर न म स् का र्र ......सर ! भन्छन् । यो नमस्कार अलिक लद्दुलद्दु खालका विद्यार्थी र तिनका अभिभावकको हो । अब यहाँ नमस्कार को अर्थ अभिवादन नभएर विद्यार्थी पास गराइदिनू भन्ने लागेको छ । परीक्षा भएको केही दिनपछि नतिजा प्रकाशित हुन्छ, त्यसपछि पर्छ पढाउने शिक्षकलाई महाको फसाद । फेल हुने विद्यार्थी र तिनका अभिभावकहरुबाट पाएको नमस्कार शिक्षकले पचास प्रतिशत ब्याज लगाएर फिर्ता गर्नुपर्छ । अझ फेल हुने कुन्डले, मुन्द्रे, झ्याम्ले, खोयाबिर्के आदिले साइकल कुदाएकै बेला नमस्कार्रु भने भने त्यो झन् खतरा हो । यसको अर्थ खबरदार !!! अब तँ मास्टरहरुलाई खतरा छ भन्ने हुन्छ भने यही वर्गका छात्राहरुले गरेको नमस्कारको अर्थ अर्कै हुन्छ । उनीहरुको नमस्कारबाट मरीजा ! तेरो किरीया परोस् ! मास्टर भनाउँदा भुणे मोरा !!! भन्ने अर्थ ध्वनित हुन्छ । यति मात्र कहाँ हो र । पास हुने विद्यार्थी र अभिभावक पनि नमस्कार गर्नुपर्छ भनेर अर्कापटि फर्केर हिड्छन् । कथं जम्काभेट भइहाल्यो भने पनि नमस्कारु भन्छन् आरोही स्वरमा । आरोही स्वरमा नमस्कार गर्नुको अर्थ अँ हामी आफैं पास भएका होइनौ, यहाँ हजुरले चैं पास गराइदिएको होला ! भन्ने हुन्छ । सबै विद्यार्थीमा यही कुरा लागू हुन्छ भन्ने छैन । पास हुने होस् या फेल हुने कुनैकुनै विद्यार्थी त सारै ज्ञानी हुन्छन् । यस किसिमका विद्यार्थीको नमस्कारमा कुनै किसिमको पूर्वाग्रही अर्थ ध्वनित भएको पाइदैन । प्राथमिक र निम्नमाध्यमिक तहका विद्यार्थीहरुको नमस्कार निश्छल एवं स्वच्छ हुन्छ भन्ने कुरा माथि नै उल्लेख भइसकेको छ तापनि मेरो एउटा सानो पूर्वानुभवले सो निश्छलताको पुष्टि गर्ने छ । आजभन्दा ३८/३९वर्ष अघिको कुरा हो, त्यसबेला अहिलेको कनकाई उच्च मावि, कनकाई निमावि थियो । प्र अ म स्वयम् थिएँ । सुरुङ्गा बजारमा २/४ घर मात्र थिए । वजार पश्चिम बाक्लो जङ्गल थियो । त्यसबेला सो जङ्गलले चर्पीको काम पनि गरेको थियो । कुनै एक बिहानको घटना हो सधैंझैं म दिसा बस्न जङ्गल गएँ र अगाडि पानीको लोहोटा राखेर के बसेको मात्र थिएँ, नमस्कारको मसिनो आबाज आयो कानमा । त्यस्तो जङ्गलभित्र कसले, कहाँ, कसलाई नमस्कार गरेको आबाज आउँदैछ ! म छक्क परेँ । फोनको घण्टी बजेजस्तै गरी लगातार नमस्कारको आबाज आइरहेको थियो । आफनो दाहिनेतिर हेरेँ कोही थिएन, अगाडि हेरें कोही थिएन, देब्रेतिर हेरें कोही थिएन । ए बाबा कस्ले यसरी नमस्कार गर्दैछ भनेर यसो पछाडि मुन्टो फर्काएर हेरेको त सात कक्षामा पढ्ने आफ्नै विद्यार्थी मिल्ट्रीको सतर्क अवस्थामा उभिएर दुबै हात जोडेर मेरो दयनीय अवस्थालाई अभिवादन गर्दै रहेछ । मेरो सातोपुत्लो उड्यो । डरले होइन, अर्थोकै केले हो केले । दिसाले आफनो दिशा बदल्यो, फर्क्यो आफ्नै जन्मघरतिर । मैले त्यस निर्दोष विद्यार्थीको नमस्कार नफर्काइकन कुलेलम ठोकें । त्यो मेरो विवशता थियोह तर निकैबेरसम्म पनि त्यही ठाऊँबाट नमस्कारको आबाज आइरहेको थियो तापनि नमस्कार फर्काउन नसकेकोमा पछुतो गर्नु बाहेक मेरो कुनै उपाय थिएन । त्यसको भोलिपल्ट म विद्यालय जान सकिन, बिदा लिएँ र सोही दिन जङ्गलमा खाडल खने, झिक्राले बारें र बेलुका ढुक्कले अघिल्लो दिनको बाँकी कामसमेत खप्टिएर एकैचोटि पुरा गरें । वास्तविक विद्यार्थीको नमस्कार कतिसम्म शक्तिशाली हुँदो रहेछ भन्ने कुरा यसबाट अनुमान गर्न सकिन्छ । २. राजनीतिक अर्थ– नेताले जनतालाई गर्ने नमस्कार र जनताले नेतालाई गर्ने नमस्कारमा पनि अर्थतात्विक भिन्नता रहेको हुन्छ । विशेष गरी भोट माग्ने नेताहरु भोट हुनुअघि प्रत्येक भोटदाताका घरघरमा नमस्कार भन्दै हिंड्छन् दसै औंला जोडेर । दस औंला जोडेर नमस्कार गर्ने पनि आआफ्नै किसिमका कला हुन्छन् । मेरा एकजना अभिन्न मित्र नमस्कारका ठाउँमा नारायन नारायन भन्नुहुन्छ सधैं । हामी त्यसको अर्थ बुझेर नमस्कार भन्छौं । उहालेँ नाइटालाई बीच पारेर दुई हात जोडे पनि त्यसको अर्थ नमस्कार नै हुन्छह तर भोट माग्ने नेताले दस औंला जोडेर गरेको नमस्कार र मेरा मित्रले दस औंला जोडेर गरेको नमस्कारमा आकाश र पातालको फरक छ । निहुर्मुन्टी न भएर दुई हात निधारमाथि राखी नमस्कार !!! भन्न थालेपछि नेता एकोहोरो हुँदा रहेछन् । यो दृश्य सारै हेर्न लायक हुन्छ । एकपटक एकजना निकै नाम चलेका नेताले भोट माग्ने क्रममा गौ मातासँग पिरती गाँस्तै गरेका शिववाहनलाई पनि एक नमस्कार ठोकेछन् । आफ्नो नाम मतदाता सूचीमा नभए पनि भोट माग्यो भनेर हो या अन्य कुनै कारणबाट हो शिववाहनले गौमातालाई यसो कोट्याएर आकाशतिर हेरी एक खित्का छोडेछन् । यस्तै छ नेताको नमस्कार गराइ । नेताले गरेको नमस्कारको वास्तविक अर्थ मतदातालाई त्यतिबेर थाहा नभए पनि माथि गएर मन्त्री भइसकेपछि थाहा हुन्छ । उनीहरु आफ्ना टाउकामा हात राखेर नेताले गरेको नमस्कारको यस किसिमको वर्णपरक भित्री अर्थ थाहा पाउँछन् - न - नमस्कार, म - मलाई भोट दिएर माथि पठाउनु भयो भने, स - सत्ते, गाईको मुत खाने होला, का - काठमाडौंमा बसी लाखौको कार चढेर, र - राष्ट्रको ढिकुटी रित्याएर भए पनि तपईंहरुको चिल्लै सेवा गर्नेछु । उपर्युक्त अर्थका अतिरिक्त अरू पनि धेरै व्यञ्जनात्मक अर्थ हुन सक्छन् नेताजीका नमस्कारमा । भोट जितेर मन्त्री भएपछि हिउँदमा धुले पुल र बर्खामा हिले पुल बनाइदिने प्रतिज्ञालाई पनि नमस्कारकै अर्थमा लिन सकिन्छ । यी त भए भोट हुनुभन्दा अघि गरिएका नमस्कारका अर्थ । भोट जितेपछि र मन्त्री भएपछि नमस्कार गर्ने पालो आउँछ मतदाताको । बिचरा निरीह मतदाताले भित्री फदयदेखि गरेको नमस्कार खोलाको गीत हुन्छ । मन्त्रीक्वाटर र मन्त्रालयभित्र नमस्कार छिर्न पाउँदैन भने कारभित्र नमस्कार सुनिदैन । नेता/मन्त्रीले जनताको नमस्कार फर्काइहाले भने पनि त्यस नम्मस्कारको अर्थ यस्तो हुन्छ– न- नमस्कार गर्या होला, म- म, मेरो परिबार र मेरा चम्चेसमेत, म- मर्सिडिज कार, मन्त्री क्वाटर र, स- सिंहदरबारभित्र बस्याबेला, का- कान पटक्कै सुन्दिन अनि, र- रतन्धो र दिनान्धो पनि भएको छु । नेताले गरेको नमस्कारमा वर्णाक्षरात्मक अर्थ मात्र नलागेर शब्दवाक्यात्मक अर्थ पनि लाग्न सक्छ विद्यार्थी र अभिभावकले गरेको नमस्कारमा जस्तै । कुनैकुनै नेता वा मन्त्रीले मात्र अभर पर्दा नमस्कार फर्काउँछन्ह तर सो नमस्कारको उच्चारण उर्ध्व अनुत्तानमा गरिएको हुन्छ । यस किसिमबाट गरिएको नमस्कार्रुको ध्वन्यार्थ हुन्छ - हामीले भोट दिएर जिताएका थियौं, अब हाम्रो क्षेत्रलाई सहयोग गर्नुपर्यो भनेर सहयोग माग्न आएका हौ भने जुन बाटो आएका थियौ खुरुक्क त्यही बाटो लाग । नत्र मेरो बडी गार्डले मुन्ट्याएर चारभन्ज्याङ कटाइदिन्छ, थाहा छ ? अब त सहयोगको कुरा सिब ! आफूलाई त पुग्या छैन ! ! !

*-समकालिन साहित्य डटकम*

# आज विश्व दृष्टि दिवस मनाइँदै




**पाल्पा,** असोज २१/आज विश्व दृष्टि दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । उपचार तथा रोकथाम गर्न सकिने अन्धोपनका समस्या र समाधानबारे विश्वभर चेतना फैलाउने उद्देश्यले आज विश्वभर यो दिवस मनाइदैछ । नेपालमा पनि यो दिवस मनाउन लागिएका हो ।

दिवसमा विश्वभरिका विभिन्न संघ-संस्थाले सरकार, संस्था र व्यक्तिलाई विश्वव्यापी रुपमा परिचालित अन्धोपन निवारण कार्यक्रममा सहकार्य गर्न प्रोत्साहित गरेको छ । विगत तीन दशकदेखि नेपालको आँखा स्वास्थ्य सेवामा गैरसरकारी संस्थाहरुको सहभागिताले यस क्षेत्रको प्रगती तुलनात्मक रुपमा अग्रिम पंक्तिमा छ । यद्यपि, प्राथमिक आँखा उपचार सेवालाई ग्रामीण समुदायसम्म अझ प्रभावकारी बनाउन सकिएको छैन । दिवसका अवसरमा आँखाको नियमित परीक्षण, दृष्टि कमजोर हुन नदिन अपनाउनुपर्ने सावधानी तथा आँखासम्बन्धी रोगको समयमै उपचार गर्नुपर्ने विषयमा जनचेतनामूलक कार्यक्रम आयोजना गरिँदै आएका छन् । दृष्टिसम्बन्धी समस्या भएका व्यक्तिले समयमै आँखाको परीक्षण र उपचार गराउनुपर्ने चिकित्सकहरूले बताएका छन् । लामो समयसम्म मोबाइल, कम्प्युटर तथा अन्य विद्युतीय उपकरणको प्रयोग गर्दा आँखामा असर पर्न सक्ने भएकाले आवश्यक सावधानी अपनाउन पनि स्वास्थ्यकर्मीले सुझाव दिएका छन् ।

यस अवसरमा विभिन्न स्वास्थ्य संस्था तथा संघसंस्थाले नि:शुल्क वा सहुलियतमा आँखा परीक्षण, जनचेतनामूलक कार्यक्रम, अन्तर्क्रिया तथा स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिरहेका छन् । विश्व दृष्टि दिवसले अन्धोपन तथा दृष्टिविहीनताको जोखिम न्यूनीकरण गर्दै सबैका लागि आँखाको स्वास्थ्यमा पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकताबारे सचेत गराउने विश्वास गरिएको छ ।

## बाँदर धपाउन हेरालु...

...वडा कार्यालयले साउन-भदौका लागि बाँदर लाग्ने वडाको धैरेनी-मेयालपानी क्षेत्रमा नौ जना हेरालु राखेर मकै खेती रेखदेख गर्दै आएको छ । ख्याहाको धैरेनी-मेयालपानी, रातामाटा-कोटफेरालगायतका क्षेत्रमा छ जना र जोगीथुम क्षेत्रमा तीन जना गरी नौ जना हेरालु राखेर बाँदर धपाउने काम गरिएको छ । बाँदर हेरालु बिहान ५ बजेदेखि राति ८ बजेसम्म निरन्तर कृषकको मकैबारी क्षेत्रमा खटिँदै आएका छन् । बाँदर हेरालुलाई गुलेली, नक्कली बन्दुक, गोला-बारुदलगायतका सामग्री उपलब्ध गराइएको छ । दिनको समयमा हेरालुले बारीमा आउने बाँदर धपाउने गरेका छन् भने बारी वरिपरि काँडेतारको जाली लगाएर रातिको समयमा बँदेल, दुम्सी, मृग, घोरललगायतका वन्यजन्तुलाई बालीमा प्रवेश गर्न रोक्ने प्रयास गरिएको स्थानीय रामप्रसाद न्यौपानेले बताए । बाली जोगाउन निरन्तर निगरानी गर्नुपर्ने अवस्थाबाट मुक्त भएपछि किसान मकै खेतीप्रति थप उत्साहित भएको उनको भनाइ छ ।

जङ्गली जनावरबाट किसानले लगाएको बाली जोगाउन नसक्दा खेतीयोग्य जमिन बाँझिँदै जाने र गाउँबाट बसाइँसराइ बढ्ने जोखिम बढेपछि वडाबाट बजेट विनियोजन गरेर हेरालु र काँडेतार लगाउने कार्यक्रम ल्याइएको वडाध्यक्ष चिरञ्जीवी पोखरेलले बताए । "स्थानीय किसानको मागअनुसार बाँदर र बँदेल लाग्ने ठाउँहरूमा हेरालु र जालीको व्यवस्था गरेका छौं," उनले भने । चालु आर्थिक वर्षमा थप ५०० मिटर क्षेत्रमा काँडेतार जालीको बजेट विनियोजन गरिएको वडाध्यक्ष पोखरेलले बताए ।

वडा कार्यालयले गत वर्षमात्र नमुनाका रूपमा जङ्गली जनावरले अत्यधिक दु:ख दिने स्थानमा काँडेतार जाली लगाएको थियो । जसले गर्दा बाँदर जालीमा चढ्नसमेत कठिनाइ हुने र रातिमा आउने बँदेल, दुम्सी, मृग, घोरल र खरायोजस्ता जनावरको प्रवेश नियन्त्रणमा आएको थियो । जङ्गली जनावरको समस्या ख्याहाको मात्रै होइन । पाल्पासहित पहाडी जिल्लाका धेरै गाउँमा बाँदर, बँदेल, दुम्सी, मृगलगायतका वन्यजन्तुले किसानलाई हैरान पार्दै आएका छन् ।

## सवारी दुर्घटनामा तीन...

...यसैगरी, मकवानपुरकै भीमफेदी गाउँपालिका-६ धानगोदामस्थित सडकमा गाडीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । मंगलबार दिउँसो बा.१२ च ४१६४ नम्बरको गाडीले बा.प्र.०२-०१८ प ०४५९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा हेटौंडा उपमहानगरपालिका-५ बस्ने २५ वर्षीय महेश्वर घिमिरे खत्री गम्भीर घाइते भएका थिए ।

घाइते खत्रीको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा संलग्न गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । तीनवटै दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

### खेलकुद समाचार

## बिदाइ खेलमा अर्जेन्टिना विजयी



**काठमाडौं,** असोज २१/विश्व फुटबलमा लियोनल मेसी युगको अन्त्य भएको छ । बुधबार राष्ट्रिय टोलीबाट ब्युनर्स आयर्समा मेसीले अन्तिम खेल खेले । उनले २१ वर्षको राष्ट्रिय टोलीको यात्रा बेनिनसँगको मैत्रीपूर्ण खेलबाट अन्त्य गरेका हुन् । मेसीको बिदाई खेलमा अर्जेन्टिनाले बेनिनलाई ३-० ले पराजित गरेको छ । बुधबार बिहान भएको खेलमा उनले गोल गरे । मेसीले पेनाल्टीमार्फत् ७१औं मिनेटमा गोल गरेका हुन् । अर्जेन्टिनाका लागि यो उनको १ सय २६औं गोल रह्यो । बुधबारका थप दुई गोलमा पनि उनको भूमिका महत्वपूर्ण रह्यो । निकोलस ओटमेन्डीले ४८औं मिनेटमा र निको पाजले ६१औं मिनेटमा गोल गरेका थिए । मेसीले यसअघि नै अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिने घोषणा गरेका थिए । विश्वकप फुटलब सन् २०२६ को फाइनल उनको औपचारिक अन्तिम खेल रह्यो । फाइनलमा अर्जेन्टिना स्पेनसँग १ गोलले पराजित भएको थियो । सन् २०२२ मा कतारमा भएको विश्वकप फुटबलमा उनकै कप्तानीमा अर्जेन्टिनाले सन् १९८६ पछि उपाधि जितेको थियो । अर्जेन्टिनाको जर्सी लगाएर सबैभन्दा धेरै पटक मैदानमा उत्रने र सबैभन्दा धेरै गोल गर्ने कीर्तिमान बनाएका मेसीलाई आफ्नो २०८औं खेल खेल्ने क्रममा उनका समर्थकहरूले भावपूर्ण बिदाइ गरेका छन् ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## शेयर बजार घट्यो, कारोबार रकम बढ्यो

**पाल्पा,** असोज २१/सेयर कारोबार साताको तेस्रो दिन बुधबार नेप्से परिसूचक नकारात्मक भएर बन्द भएको छ । नेप्से परिसूचक ६ दशमलव ३८ अंकले घटेर २५७२ दशमलव ३४ विन्दुमा झरेको हो ।

अघिल्लो दिन मंगलबार नेप्से परिसूचक ११ दशमलव ९६ अंकले बढेर २५७८ दशमलव ७३ विन्दुमा उक्लिएको थियो । सो दिन ३ अर्ब १३ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । नेप्से परिसूचक घटेपनि कारोबार रकम भने मंगलबारको तुलनामा सुधार आएको छ । यसदिन ३५९ वटा स्क्रिप्सको १ करोड ३ लाख ६८८ कित्ता सेयर ३ अर्ब ७४ करोड ८० लाख ८० हजार ३०३ रुपैयाँमा खरिदबिक्री भए । नेप्से घटेसँगै कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार हुन सकेन । घलेम्दी हाइड्रोपावर एनआईसी एसिया ब्यालेन्स फण्डको सेयर ५ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा घलेम्दी हाइड्रोपावर शीर्ष स्थानमा रह्यो । सो हाइड्रोपावरले ३२ करोड मूल्य बराबरको कारोबार गर्यो । रिलायन्स स्पिनिङ्ग्स मिल्सले २९ करोडको सेयर कारोबार गर्दा पिपुल्स हाइड्रोपावर र लिबर्टी इनर्जीले १६-१६ करोड र सानिमा मिडल तमोर हाइड्रोपावरले १३ करोडको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये १०० वटा स्टक्सको मूल्य बढ्दा १६७ वटाको घट्यो । १२ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो। बैंकिङ समूहको उपसूचकबाहेक अन्य बाँकी समूहको उपसूचक नकारात्मक देखिए ।

**दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना**



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बराङ्गदी गा.वि.स.-३ अर्चले, हाल तानसेन नगरपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं.5841917 H का H/Nb/Sub गंगा बहादुर कार्कि (ना.प्र.मा गंगा बहादुर कार्कि) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शान्ती देवी र जन्म मिति सन् १९६० मार्च १ (वि.स.२०१६/११/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा शान्ती देवी कार्कि, जन्म मिति वि.स. २०१२/०१/१० (सन् १९५५ अप्रिल २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

**चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

**चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई